१०५८ । ६६०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

राष्ट्रिय सूचना आयोग
२०६५

## आदेश

मु.नं. ३७४/२०७२/०७३

निर्णय नं. ६७०

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला विकास समितिको कार्यालय, प्युठान .......१ विपक्षी

सूचना अधिकारी, जिल्ला विकास समितिको कार्यालय, प्युठान ..........................................१

**विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला विकास समितिको कार्यालय, प्युठान समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । सो सम्वन्धमा आयोगको मिति २०७२।०६।२१ को आदेश बमोजिम जिल्ला विकास समितिको कार्यालय, प्युठानलाई मिति २०७२।०६।२७ च.नं ३०८ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त जिल्ला विकास समितिको कार्यालय, प्युठानले मिति २०७२।०८।०७, च.नं. ५२८ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ पत्रद्वारा जानकारी गराएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल चैत्र ०८ गते रोज २ शुभम् ।